जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक १६  २०७७ साल साउन २० गते मंगलबार (4 Aug 2020 Tuesday)  मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको सार्थक पहल : ९० प्रतिशत ... ३ पृष्ठमा : प्रदेश २ मा कोरोना ... ३ पृष्ठमा कोरोना भाइरस संक्रमण ...

# अब स्वाब परिक्षणमा परिचयपत्र अनिवार्य



**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सप्तरी जिल्लामा अब कोरोना परिक्षणका लागि स्वाब संकलन गराउँदा परिचय खुल्ने आधिकारिक प्रमाणपत्र अनिवार्य गरिएको छ ।

कोरोना परिक्षणका क्रममा स्वाब दिने बेलामा झुठो विवरण लेखाउने क्रम बढेपछि पचिरयपत्र अनिवार्य गरिएको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन् ।

करिब एक दर्जन व्यक्तिले अर्कै नाम र ठेगाना लेखाएर स्वाब संकलन गराएकोमा पोजेटिभ रिपोर्ट आएपछि उनीहरुको खोजी गर्न समस्या भएका कारण सोमबारदेखी नागरिकता वा परिचय खुल्ने अन्य कुनै प्रमाणपत्र स्वाब परिक्षणका क्रममा अनिवार्य गरिएको उनको भनाई छ ।

"लागु औषध सेवनकर्ता त छदैछन्, उनले भने "जान्ने बुझ्ने र समाजका अगुवा समेत रहेका व्यक्तिबाट पनि झुठो विवरण लेखाउने गरेको खुलेको छ ।" डा. झाले पहिचान खुल्ने परिचय पत्रका आधारमा स्वाब संकलनको व्यवस्था सोमबारदेखी लागु गरिएको हुनाले धेरै हदसम्म यो समस्या हट्ने विश्वास व्यक्त गरिएको उनको भनाई छ ।

***बाँकी दुई पृष्ठमा***

# सप्तरीमा संक्रमितको संख्या ५ सय ३१

## ६ जना प्रहरी पनि संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सप्तरी जिल्लामा कोरोना संक्रमित हुनेको संख्या दैनिकी बढ्दो छ । आइतबार राती २७ जना संक्रमित थपिएको जिल्लामा सोमबार थप ७ जनामा संक्रमण पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या ५ सय ३१ पुगेको छ ।

यता सोमबार ७ जनामा कोरोना पुष्टि भएका मध्येबाट ६ जना प्रहरी नै रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियाँलाल यादवले बताए ।

संक्रमित हुने सबै प्रदेश प्रहरी तालिम केन्द्र राजविराजमा कार्यरत छन् । उनीहरु सबै प्रहरी जवान हुन् । यस्तै अर्का एक संक्रमित जीवन बिमा कम्पनीमा काम गर्ने ३८ वर्षका पुरुष हुन् ।

समुदायस्तरमै कोरोना भाइरसको संक्रमण फैलिन थालेपछि गत साउन ८ गतेदेखी राजविराज नगरपालिका क्षेत्रमा अनिश्चितकालिन निषेधाज्ञा जारि गरिएको छ । यस्तै जिल्लाका सबै स्थानिय तहले कोरोनाको जोखिमलाई ध्यानमा राख्दै सेवा प्रवाह बन्द गरेको छ ।

# लकडाउनका कारण मन्दिरहरु पनि बन्द

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सम्पूर्ण मन्दिरहरु लकडाउनका कारण बन्द भएपछि साउनको अन्तिम सोमबार भक्तजनहरु

***बाँकी अन्तिम पृष्ठमा***

# सप्तरीमा एक साताका लागि निषेधाज्ञा

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**


सप्तरीमा दिनानुदिन कोरोना संक्रमण बढ्न थालेपछि स्थानिय प्रशासनले मंगलबार बिहानदेखि लागू हुने गरी एक साताका लागि निषेधाज्ञा जारी गरेको छ ।

जिल्ला सुरक्षा समितिको सोमबार बसेको बैठकबाट सो निर्णय गर्दै मंगलबार बिहान ५ बजेदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यद्वारा जारि सूचनामा उल्लेख छ ।

प्रजिअ आचार्यद्वारा जारि सूचना मार्फत सप्तरी जिल्लाभरिमा हालसम्म ५३१ जनामा कोरोना सङ्क्रमण भेटिएपछि राजविराजसहित सप्तरी जिल्लाभरि निषेधाज्ञा जारी गरिएको जानकारी दिइएको छ । निषेधाज्ञा जारी गरिएको निषेधित क्षेत्रमा अत्यावश्यक कामबाहेकका सम्पूर्ण आवतजावत, सवारीसाधन, पसल बन्द रहने जनाइएको छ ।

स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) र सङ्क्रामक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज

***बाँकी अन्तिम पृष्ठमा***



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी राजविराज

फोन नं : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

प.सं. :- २०७७/७८
च.नं. :-

मिति २०७७।०४।१९

**जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञा ।**

विश्वका अधिकांश मुलुकहरुमा महामारीको रुपमा विस्तार भईरहेको नोभेल कोरोना भाईरस (COVID-19) को संक्रमणबाट सप्तरी जिल्लामा समेत हालसम्म ५३१ जनामा संक्रमण देखिएको र संक्रमित मध्ये राजविराज नगरपालिकामा १ जनाको मृत्यु समेत भईसकेको परिप्रेक्ष्यमा सजगता अपनाउन, संक्रमणको विस्तारलाई रोक्न तथा सचेतनामूलक र प्रवन्धनात्मक कार्यहरु गर्न जरुरी छ । सोही सन्दर्भमा कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलिन नदिन तथा प्रतिकूल प्रभाव पर्न सक्ने कुनै किसिमको गतिविधि हुन/गर्न नदिन नेपाल राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरु जस्तै : औषधि पसल, खाद्यान्न, फलफुल तथा तरकारी, अस्पताल तथा स्वास्थ्य केन्द्र संचालन सम्बन्धी सेवा, मालसमान ओसारपसार गर्ने तथा पूर्वाधार निर्माण कार्यमा प्रयोग हुने ढुवानीका यातायात, सरकारी छापाखाना, संचार सेवा, बैंकिङ्ग सेवा, आन्तरिक सुरक्षा कार्य, खानेपानी संचालन तथा वितरण, पेट्रोलियम पदार्थको ढुवानी भण्डारण र वितरण, फोहोरमैला संकलन तथा ढुवानी, विद्युतीय सेवा, कृषिजन्य कार्य तथा कृषि तथा पशुजन्य उत्पादन ढुवानीमा प्रयोग हुने साधन जस्ता अत्यावश्यक सेवाहरु बाहेकका अन्य सेवा/स्थलहरुको संचालन र अनावश्यक आवत जावत, हिंडडुल मिति २०७७।०४।२० गते बिहान ५ बजे देखि मिति २०७७।०४।२६ गते साँझ ५ बजे सम्मका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज नगरपालिका सहित सप्तरी जिल्ला भरी नगर्न/नगराउन हुन जिल्ला सुरक्षा समितिको मिति २०७७।०४।१९ गतेको निर्णय बमोजिम यो निषेधाज्ञा जारी गरिएको छ । उक्त आदेशको उल्लंघन गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ । साथै, माथि उल्लेखित अत्यावश्यक सेवा अन्तर्गतका कार्यहरु समेत तोकिए बमोजिमका स्वास्थ्य सुरक्षा सतर्कता सम्बन्धी मापदण्डहरुको पूर्ण पालना हुने गरी मात्र गर्न/गराउनु हुन, अन्यथा प्रचलित ऐन, नियम, कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | Prabhu Money Transfer | City Express Money Transfer | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# धुमपानमा मूल्य बृद्धिसँगै प्रयोगकर्ता समेत बृद्धि

हरेक वर्ष धुमपानमा मुल्य बृद्धि भएसँगै त्यसको प्रयोगकर्ता पनि बृद्धि हुँदै गएको छ । धुमपान स्वास्थ्यको लागि हानिकारक हो, भन्ने कुरा सबैले जानी राखेपनि यसको प्रयोगकर्तामा बृद्धि हुनु कुनै नौलो होइन् । किन भने कुनै पनि चाडपर्व, कोही खुशी हुँदा भने कोही दुःखी हुँदाको क्षण त साथीभाईसँग भेटघाट हुँदा लगायतका समयमा धुमपान प्रयोग भएकै हुन्छ । प्राय यूवा वर्ग यसप्रति निकै आकर्षित हुदैछन् ।

बृद्धबृद्धाहरु यसलाई खास बेलामा प्रयोग गर्छन भने विद्यालयपछि कलेज पढ्ने विद्यार्थीहरु धुमपानलाई फैसनको रुपमा प्रयोग गर्दै गइरहेका छन् । जसकारण उनीहरुलाई यसको बानी नै परिसकेको छ । क्याम्पस जानु अघि उनीहरु चुरोट तान्दै जाने गरेको प्रसशस्त रुपमा देखिन्छन् । यता नेपाल सरकारलाई सबैभन्दा बढी राजश्व धुमपानबाट आउने गर्छ ।

यसको न्युनिकरणको साटो झनै प्रयोगकर्ताहरुको संख्यामा बृद्धि हुनु भनेको कानुन फितलो हुनु हो । तसर्थ धुम्रपान उत्पादन कम्पनीलाई राज्यले रोक लगाउनुका साथै न्युनिकरण गर्नका लागि कुनै ठोस नीति, नियम र कानुनीमा कडाई गर्नु आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारको सार्थक पहल : ९० प्रतिशत जनसंख्यामा पुग्यो विद्युत् पहुँच

काठमाडौं , १९ साउन (रासस) ।

आर्थिक वर्ष ०७६/७७ मा देशभरका कूल ९० प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सार्थक प्रयास तथा नेपाल विद्युत् प्राधिकरणको मिहिनेतका कारण ग्रामीण क्षेत्रमा समेत विद्युत् पुगेको हो ।

सो आवमा कूल १४९ मेगावाट जलविद्युत् राष्ट्रिय प्रसारण लाइनमा थपिएको छ । योसँगै नेपालको कूल जलविद्युत् जडित क्षमता एक हजार ३९९ मेगावाट पुगेको छ । सरकारले कूल ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीसहित केही ठूला आयोजनाको निर्माण गत आवमै सक्ने लक्ष्य राखिएको भए पनि कोरोना महामारीका कारण सम्भव हुन सकेन ।

गत आवमा प्रतिव्यक्ति विद्युत् खपत बढेर २६० किलोवाट घण्टा पुगेको छ । यस्तै सो वर्ष थप तीन लाख ३४ हजार घरधुरीमा विद्युत् पहुँच विस्तार भएको छ । योसँगै नेपालमा विद्युत् पहुँच प्राप्त घरधुरी सङ्ख्या ५० लाख १० हजार पुगेको छ । मन्त्रालयले थप २८५ सर्किट किलोमिटर नयाँ प्रसारण लाइन निर्माणको काम सम्पन्न गरेको छ ।

थपिएको सहित प्रसारण लाइनको लम्बाइ देशभर कूल चार हजार २५१ सर्किट किलोमिटर पुगेको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत थप ५० किलोवाट सौर्य तथा वायु ऊर्जा थप भई कूल ८६६ किलोवाट पुगेको छ । यस्तै वर्षभरिमा थप ५२ वटा थप भई संस्थागत तथा सामुदायिक बायोग्यासको सङ्ख्या ४१९ पुगेको छ ।

राष्ट्रिय प्रसारण प्रणालीमार्फत विद्युत् पहुँच प्राप्त जनसङ्ख्यामा तीन प्रतिशतको वृद्धि भई ९० प्रतिशत पुगेको छ । यस्तै, विद्युत् वितरणका लागि २९० वटा नयाँ सब-स्टेसन निर्माण भएका छन् । विद्युत् चुहावटमा पनि उल्लेख्य प्रगति भएको छ । गत आवमा विद्युत् चुहावट १५.२७ प्रतिशतमा सीमित भएको छ । देशभरका १६ जिल्लामा पूर्ण विद्युतीकरण भएको छ ।

**बेरुजु फछ्र्यौटमा अब्बल**

आव ०७६/७७ मा ऊर्जातर्फ ९९.९९ र जलस्रोत तथा सिँचाइ मन्त्रालयतर्फ ९५.५९ प्रतिशत बेरुजु फछ्र्यौट भएको छ । ऊर्जातर्फ रु एक अर्ब ३९ करोड ८२ लाख आठ हजार ५२० बेरुजु रहेकामा एक अर्ब ३९ करोड ८० लाख सात हजार ४७० बराबरको बेरुजु फछ्र्यौट भएको छ ।

यस्तै जलस्रोत तथा सिँचाइतर्फ रु ९९ लाख ६६ हजार ३७० बेरुजु रहेकामा ९५ लाख २७ हजार ३०० बराबरको बेरुजु फछ्र्यौट भएको छ । यो दुवै मन्त्रालयअन्तर्गतका विभागीय संरचना बाहेकको तथ्याङ्क भएको ऊर्जा मन्त्रालयले जनाएको छ । मन्त्रालयको तेस्रो चौमासिक एवं वार्षिक समीक्षा तथा मन्त्रालयतस्तरीय विकास समस्या समाधान समिति बैठकमा उक्त तथ्याङ्क प्रस्तुत गरिएको हो ।

**यस्तो छ, वार्षिक प्रगति**

ऊर्जा मन्त्रालयको तेस्रो चौमासिकमा वित्तीय प्रगति ७३.२६ र भौतिक प्रगति ७५.३ प्रतिशत रहेको छ । यस्तै जलस्रोत तथा सिँचाइतर्फ सोही अवधिमा भौतिक प्रगति ७१.७९ र वित्तीय प्रगति ७१.६७ प्रतिशत भएको छ । गत आव ऊर्जातर्फको कूल बजेट रु ७५ अर्ब ५३ करोड ४० लाख थियो । जसमध्ये रु ४६ अर्ब ३९ करोड ५२ लाख खर्च भएको छ । जलस्रोत तथा सिँचाइतर्फ रु २४ अर्ब ७८ करोड ७५ लाख बजेटमा रु १४ अर्ब पाँच करोड ४० लाख खर्च भएको छ । यसरी हेर्दा ऊर्जातर्फ वार्षिक प्रगति ६१.४२ र भौतिकतर्फ ७८.३६ प्रतिशत प्रगति देखिएको छ । जलस्रोत तथा सिँचाइतर्फ वार्षिक प्रगति वित्तीयतर्फ ५६.७० र भौतिकतर्फ ७२. ३० प्रतिशत प्रगति रहेको छ ।

मन्त्रालयका अनुसार भौतिक प्रगति ८० प्रतिशत गर्ने आयोजनाको सङ्ख्या आठ र ५० प्रतिशतभन्दा बढी प्रगति गर्ने आयोजनाको सङ्ख्या ११ छन् । यस्तै जलस्रोत तथा सिँचाइतर्फ भौतिक प्रगति ८० प्रतिशत गर्ने आयोजना सङ्ख्या १६ र ५० प्रतिशत प्रगति गर्ने आयोजनाको सङ्ख्या १३ छ । कूल ३३ मध्ये चारवटा आयोजनाको प्रगति ५० प्रतिशतभन्दा कम छ ।

सरकारका २३ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एक्लैको आठ गौरवका आयोजना छन् । विद्युततर्फ ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काममा ९९.७३ प्रतिशत भौतिक र ९८. ६८ प्रतिशत वित्तीय प्रगति भएको छ ।

गत आवमा उक्त आयोजनाका लागि रु एक अर्ब बजेट विनियोजन गरिएकामा शत्प्रतिशत खर्च भएको छ । यस्तै बूढीगण्डकी जलविद्युत् आयोजनाको डुबान क्षेत्रमा पर्ने ५८ हजार १५३ रोपनी क्षेत्रफलमध्ये ४७ हजार ४३९ रोपनीको मुआब्जा वितरण भएको छ । मुआब्जाका लागि रु ३३ अर्ब ८० करोड वितरण भएको छ ।

यस्तै सुनकोशी-मरिन डाइभर्सन आयोजनाको वातावरणीय प्रभाव अध्ययन मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेको छ । विद्युत्गृहसहित संरचना निर्माणका लागि आवश्यक संरचना निर्माणका लागि जग्गा प्राप्तिको काम सकिएको छ ।

**थप साढे पाँच हजार हेक्टरमा सिँचाइ**

सो आवमा थप पाँच हजार ५५९ हेक्टरमा सतह सिँचाइमार्फत सिँचाइ सुविधा पुगेको छ । योसँगै सतह सिँचाइ हुने कूल जमीनको क्षेत्रफल नौ लाख ९६ हजार ९१७ हेक्टर पुगेको छ । यस्तै विभिन्न ठूला नदीमा ९१ किलोमिटर तटबन्ध निर्माण भएको छ । बाढीका कारण बगरमा परिणत भएको ४०९ हेक्टर जमीन जग्गा उकास गरी खेतीयोग्य बनाइएको छ ।

**मन्त्रालयको प्रगति उत्कृष्ट : मन्त्री पुन**

ऊर्जामन्त्री वर्षमान पुन कोभिड-१९ को महामारीमा समेत मन्त्रालयले उत्कृष्ट काम गरेको भन्दै मातहतका सबै निकायमा कार्यरत कर्मचारीलाई धन्यवाद दिनुहुन्छ । महामारीमा समेत ठूला जलविद्युत् र सिँचाइ आयोजनाका काम नरोकिएको भन्दै उहाँले त्यसका लागि कर्मचारी, मजदुर तथा निर्माण व्यवसायीप्रति आभार प्रकट गर्नुभयो ।

उहाँले काममा आइपर्ने कानूनी तथा प्रक्रियागत समस्याबारे आफूलाई समयमै जानकारी गराउन मातहतका निकायलाई निर्देशन दिइएको जानकारी दिनुभयो । ऊर्जा सचिव दिनेशकुमार घिमिरे र जलस्रोत तथा सिँचाइ सचिव रवीन्द्रनाथ श्रेष्ठले कोभिड-१९ महामारीको समयमा समेत राम्रो काम गर्न सकिएको भन्दै सन्तोष व्यक्त गर्नुभएको छ ।

# कोरोनाले ७ प्रतिशत पत्रकारको गुम्यो रोजगारी

चितवन, १९ साउन (रासस) ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले कोरोना सङ्क्रमणका कारण हालसम्म सात प्रतिशत पत्रकारको रोजगारी गुमेको बताउनुभएको छ । नेपालका सञ्चारगृह व्यावसायिक हुन नसक्दा कोरोना सङ्क्रमणको छोटो अवधिमा धेरै नोक्सान भएको उहाँले बताउनुभयो ।

कोरोना सङ्क्रमणले देशैभरका पत्रकार र सञ्चारगृह प्रभावित भएपछि महासङ्घको मिसन टोली देशव्यापी रूपमा परिचालन भएको छ । सोही क्रममा यहाँ आइपुग्नुभएका आचार्यले सोमबार कुराकानी गर्दै कोरोना सङ्क्रमणपछि पाँच वटा रेडियो बन्द भएको जानकारी दिनुभयो ।

बीस पत्रकारमा कोरोना सङ्क्रमण देखिएकोमा १८ जना सङ्क्रमणमुक्त भइसकेको उहाँले जानकारी दिनुभयो । लकडाउनको अवधिमा देशभरका ७०० छापा माध्यम बन्द भएको भन्दै उहाँले कोरोनाको प्रभावका कारण पत्रकार र सञ्चार गृह प्रभावित हुने क्रम बढ्दो रहेको बताउनुभयो । "स्वास्थ्यकर्मी, सुरक्षाकर्मीसँगै सञ्चारकर्मी अग्र मोर्चामा रहेका छन्", रोग नियन्त्रणका लागि जनतालाई शिक्षा र सूचना दिने काममा पत्रकार खटिइरहेको भन्दै उहाँले भन्नुभयो, "हामी आम जनताका समस्याका बारे बोलिरहेका छौँ भने जनतालाई सही सूचना के हो भनेर पनि प्रवाह गरिरहेका छौँ ।" यस्तो अवस्थामा सञ्चार क्षेत्र आफैँ अग्रपङ्क्तिमा रहँदा आफैँ प्रभावित हुनुपरेको उहाँको भनाइ थियो ।

आचार्यले दुईथरी सञ्चारकर्मी रहेको भन्दै एक थरीले स्वरोजगारमूलक ढङ्गले पत्रकारिता गरिरहेको र अर्को थरी ठूला सञ्चार गृहमा काम गरिरहेको बताउनुभयो । पचास प्रतिशतभन्दा बढी पत्रकार आफैँले अनलाइन, रेडियो, टेलिभिजन, पत्रिका चलाएको भन्दै उहाँले ती मिडिया चलाएका पत्रकारमा थोरै समस्या देखिए पनि ठूला मिडियामा धेरै समस्या देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ठूला मिडियामा काम गर्ने कतिपय पत्रकारले तलब भत्ता नपाएको, कामबााट निष्कासित हुनुपरेको, आधा तलबमा काम गर्नुपरेको, 'अहिलेलाई बिदामा बस्नुस् है' भनिएको छ ।" यसबाट सदरमुकाममा बसेर काम गर्ने र वैकल्पिक पेशा नभएका प्रभावित भएको उहाँको भनाइ छ । पत्रकार विस्थापित हुनु भनेको धेरै ठूलो क्षति हो भन्दै उहाँले भन्नुभयो, "मिडिया बन्द हुनु र पत्रकार पलायन हुनु भनेको जनताको अधिकार, लोकतन्त्र, मानवअधिकार, विधिको शासनलाई वकालत गर्ने मानिस पलायन हुनु हो ।"

पत्रकारलाई पलायन हुनबाट रोक्न सबैले साथ र सहयोग गर्नुपर्ने भन्दै उहाँले महासङ्घ र जिल्ला शाखाले आपतकालीन कोष खडा गरेको बताउनुभयो । यो विषम परिस्थितिमा राज्यले सम्बोधन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "आपतकालीन, अल्पकालीन र दीर्घकालीनरूपमा सम्बोधन गर्नुपर्छ ।" मिडियालाई व्यवस्थित बनाउन व्यावसायिक चरित्र अङ्गीकार गर्न राज्यले पहल गर्नुपर्ने उहाँको भनाइ छ । राज्यले मिडियालाई परेको समस्या र पेशागतरूपमा पत्रकारलाई परेको समस्या समाधानका लागि श्रमजीवी पत्रकार ऐनको पूर्ण पालना भए नभएको अनुगमन गरेर पालना गराउनुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मिडिया हाउसलाई पनि सहुलियत पूर्ण ऋृण दिनुपर्‍यो । सन्देशमूलक सामग्री प्रसारण तथा प्रकाशन गर्न दिनुपर्‍यो ।" नेपाल पत्रकार महासङ्घका अध्यक्ष आचार्य र महासचिव रमेश विष्टको टोली गण्डकी प्रदेशबाट प्रदेश नं १ सम्म र उपाध्यक्ष विपुल पोखरेलको टोली प्रदेश नं बाट ५ बाट सुदूरपश्चिम प्रदेशसम्म अनुगमनमा निस्किएको छ ।

टोलीले जिल्लाका पत्रकारसँग अहिलेको अवस्थाको बारेमा जानकारी लिँदै सरोकारवालासँग छलफल गरिरहेको छ । प्रदेश राजधानीमा कार्यक्रम गरी सरोकारवालालाई आफ्नो सुझावसमेत दिने गरेको छ ।

महासङ्घले दुई हजार भन्दा बढी पत्रकारलाई प्रत्यक्ष टेलिफोन गरी उनीहरुको अवस्थाको बारेमा सर्वेक्षण गरिरहेको महासचिव विष्टले जानकारी दिनुभयो । यस्तै शाखा अध्यक्षलाई २५ वटा प्रश्न पठाएर जवाफ माग्ने काम महासङ्घले गरिरहेको छ ।

***अब स्वाब ...***

गरेका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले झुठो विवरण पेश गरि स्वाब परिक्षणमा आएका १२ जनामा पोजेटिभ देखिएपनि उनीहरुको खोजीमै हैरानी थपिएको बताए । अथक महिनेत गरेर ती मध्येका १० जना पत्ता लागेपनि २ जना अझैं फेला पर्न नसकेको र खोजीकार्य जारि रहेको उनको भनाई छ ।

# प्रदेश २ मा कोरोना संक्रमितको संख्या पाँच हजार नाघ्यो

धनुषा, १९ साउन (रासस)।

प्रदेश नं २ को मुख्यमन्त्री कार्यालयका छ कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। मुख्यमन्त्री कार्यालयका छ कर्मचारीसहित धनुषाका ३० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। प्रादेशिक अस्पताल जनकपुरमा गरिएको परीक्षणका क्रममा मुख्यमन्त्री कार्यालयका एक अधिकृत, एक ट्राफिक प्रहरी, दुई सवारी चालक र दुईजना कार्यालयकै अन्य कर्मचारी गरी छ जनासहित ३० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जानकारी दिनुभयो।

दुई दिनअघि गरिएको स्वाब सङ्कलनको नतिजा आइतबार राति आएपछि उनीहरूमा सङ्क्रमण पुष्टि भएको प्रजिअ भट्टराईले बताउनुभयो। यता, सङ्क्रमितहरूको सम्पर्कमा आएकाहरूको कन्ट्याक्ट ट्रेसिङको आधार पत्ता लगाउने काम भइरहेको प्रजिअ भट्टराईको भनाइ छ। त्यस्तै प्रादेशिक अस्पताल जनकपुरका १४ जना कर्मचारीमा समेत कोरोना सङ्क्रमण भएको जनाइएको छ।

यता पछिल्लो २४ घण्टामा प्रदेश २ मा १०३ जना सङ्क्रमित थपिएका छन्। पर्सामा ३८, धनुषा र महोत्तरीमा ३०/३०, बारामा तीन, सिरहा र सर्लाही एक/एक गरी प्रदेशभरि १०३ जनामा सङ्क्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। यससँगै प्रदेश २ मा कोरोना सङ्क्रमितको सङ्ख्या पाँच हजार नौ पुगेको छ।

**जनकपुर उपमहानगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकामा कर्फ्यु**

कोरोनाको उच्च जोखिम भएपछि जिल्ला सुरक्षा समिति धनुषाले जनकपुरधाम उपमहानगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाभित्र एक हप्ताका लागि निषेधाज्ञा (कर्फ्यु) जारी गर्ने निर्णय गरेको छ। सोमबार रातिदेखि १२ बजेदेखि एक हप्तासम्मका लागि निषेधाज्ञा जारी गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जानकारी दिनुभयो।

प्रजिअ भट्टराईले निषेधाज्ञाको समयमा तोकिएको बाहेक कोही पनि बाहिर निस्कन नपाउनेसमेत जानकारी दिनुभयो। उहाँले कोरोना सङ्क्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण र यसको सङ्क्रमण फैलिन नदिनका लागि जिल्लाभरि प्रतिकूल प्रभाव पर्नसक्ने कुनै किसिमको गतिविधि हुन र गर्न नदिन नेपाल राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरू बाहेकका अन्य सबै सेवा र स्थलहरू सोमबार रातिदेखि एक हप्तासम्मका बन्द गरिएको बताउनुभयो।

उहाँले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जिल्ला सुरक्षा समितिको निर्णयअनुसार पूर्वमा कपिलेश्वर बसपार्क, उत्तरमा क्षीरेश्वरनाथ नगरपालिकाको जनकपुर ढल्केवर सडक खण्डमा पर्ने औरही खोलाको पुल, पश्चिममा कुर्था जाने बाटो र बसबिट्टी जाने बाटो (दूधमती पुल), दक्षिणमा बनौली मोड, बसहिया रोडको सोनासती मन्दिर, प्रदेशसभा जाने मोडबीचको जनकपुरधाम उपमहानगरपालिका र क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रमा सोमबार राति १२ बजेदेखि साउन २५ गते आइतवार राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएको जानकारी दिनुभयो।

प्रशासनले औषधि पसल, खाद्यान्न, फलफूल तथा तरकारी, अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी सेवा, मालसामान ओसारपसार गर्ने तथा निर्माण कार्यमा प्रयोग हुने ढुवानीका यातायात, सरकारी छापाखाना, सञ्चार सेवा, बैंकिङ सेवा, आन्तरिक सुरक्षा कार्य, खानेपानी सञ्चालन तथा वितरण, पेट्रोलियम पदार्थको ढुवानी भण्डारण र वितरण, फोहोरमैला सङ्कलन तथा ढुवानी, विद्युत् सेवा, कृषिजन्य कार्य तथा कृषि तथा पशुपक्षीजन्य उत्पादन, ढुवानीमा प्रयोग हुने साधन, वर्कसपलाई भने अत्यावश्यक सेवा राखी कार्य गर्न उल्लेख गरेको छ। यस आदेशलाई उल्लङ्घन गर्ने व्यक्तिलाई कानूनबमोजिम कारवाही गर्ने जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ।

# नेपाल बैंकले ल्यायो सरल घर कर्जा योजना

काठमाडौं, १९ साउन (रासस)।

नेपाल बैंक लिमिटेडले बजारको माग र चाहनाबमोजिम नेपालको बैंकिङ क्षेत्रमा सबैभन्दा कम ब्याजदर हुने गरी पाँचवर्षे अवधिका लागि ७.९९ प्रतिशत ब्याजदरमा घर कर्जा प्रदान गर्ने भएको छ। घर निर्माण, घर खरिद तथा तला थप गर्न यस प्रकारको कर्जा प्रदान गर्नाका साथै अन्य बैंकमा रहेको घरकर्जासमेत 'स्वाप' गर्ने सुविधा दिने भएको छ। नेपाल बैंक नेपालको पहिलो बैंकसमेत हो।

बैंकले नयाँ लघु उद्यम कर्जा, समृद्ध व्यवसाय कर्जा र घडेरी कर्जा योजनासमेत शुरु गरेको छ। लघु उद्यम कर्जा तथा समृद्ध व्यवसाय कर्जाको वार्षिक ब्याजदर ८.९९ प्रतिशत रहेको छ। सो ब्याजदर पनि त्यस प्रकृतिका कर्जामा बैंकिङ क्षेत्रकै न्यून ब्याजदर भएको बैंकले जनाएको छ। त्यस्ता कर्जा प्राप्त गर्नका लागि सम्बन्धित निकायमा दर्ता भई नियमित रूपमा सञ्चालन भएका वा नयाँ सञ्चालन हुने क्रममा रहेका उद्योग वा व्यापार/व्यवसाय हुनुपर्नेछ।

त्यस्ता व्यवसाय सञ्चालन तथा विस्तारका लागि रु २५ लाखदेखि रु ९९ लाखसम्मको लघु उद्यम कर्जा र रु एक करोडदेखि रु तीन करोडसम्मको चालू तथा स्थिर पूँजी व्यवस्थापनका लागि कर्जा उपलब्ध गराइनेछ। दुवै प्रकारका कर्जाअन्तर्गत व्यवसायलाई आवश्यक पर्ने संरचना निर्माण, यन्त्र वा उपकरण, फर्निचर तथा अन्य सामान खरिद गर्न स्थिर पूँजीकर्जा र चालु सम्पत्ति व्यवस्थापनको लागि चालू पूँजीकर्जा प्रदान गरिने बैंकका प्रवक्ता प्रकाशकुमार अधिकारीले जानकारी दिनुभयो।

लघु उद्यम कर्जा ग्राहकले आवश्यक सम्पूर्ण कागजात पेश गरेको सात कार्य दिनभित्र निर्णय गरी प्रदान गरिनेछ। यस्तै, घडेरी खरिद गरी घर निर्माण गर्ने उपभोक्तालाई लक्षित गरी बैंकले घडेरी कर्जा योजना ल्याएको छ। उक्त कर्जाको वार्षिक ब्याजदर ९.९९ प्रतिशत रहेको छ। घडेरी जग्गा खरिद गर्न र अन्य बैंक तथा वित्तीय संस्थाबाट लगानी भएको सोही प्रकारको कर्जा स्वाप गरी ग्राहकको आवसीय आवश्यकता पूरा गर्न सक्नेछन्।

उक्त कर्जा योजनाअन्तर्गत खरिद गरिने घडेरी कम्तीमा साढे दुई आना वा साढे चार धुरदेखि बढीमा एक रोपनी वा डेढ कट्ठासम्म क्षेत्रफल भएको हुनुपर्नेछ। यो कर्जाको अवधि ५ देखि २० वर्षसम्म कायम गरिएको छ। बैंकले १८६ शाखा, १२५ एटिएम तथा २९ वटा एक्स्टेन्सन काउन्टरमार्फत बैंकिङ सेवा दिँदै आएको छ। चालू आवमा सबै जिल्लामा शाखा सञ्जाल पुर्‍याई कूल शाखा सङ्ख्या २१४ पुर्‍याउने लक्ष्य राखिएको प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# विश्व समाचार

## कोरोना भाइरस संक्रमणबाट मृत्यु हुने व्यक्तिको संख्या ६ लाख ९२ हजार नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, १९ साउन (रासस/एएफपी)।

विश्वमा कोरोना भाइरस संक्रमणको कारण ६ लाख ९२ हजार ७९४ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले सोमबार जानकारी दिएको छ। सो संगठनकाअनुसार सोमबारसम्म विश्वभरीमा १ करोड ८२ लाख ३४ हजार ९३६ जना व्यक्ति कोरोना संक्रमित भएका छन्।

संक्रमित मध्ये हालसम्म १ करोड १४ लाख ४४ हजार ८२१ व्यक्ति कोरोना मुक्त भएका छन्। विश्वभरमा ६० लाख ९७ हजार ३२१ व्यक्ति कोरोना भाइरस संक्रमित रहेका उनीहरुको उपचार भइरहेको छ। संक्रमितहरु मध्ये ६५ हजार ७५४ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४८ लाख १३ हजार ६४७ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख ५८ हजार ३६५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा ४२ लाख ४५ हजार ५४२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ४७ हजार ८९२ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ५६ लाख ५७ हजार ५५२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ दुई लाख २२ हजार १८६ जनाको मृत्यु भएको छ।

युरोपमा २८ लाख ९८ हजार ९४४ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने दुई लाख ३ हजार ७९४ को मृत्यु भएको छ। एसिया ४४ लाख ५१ हजार ६५ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ९९ हजार ३२४ जनाको मृत्यु भएको छ। अफ्रिकामा ९ लाख ६१ हजार ३८८ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने २० हजार ३५० जनाको मृत्यु भएको छ। ओसियानामा १९ हजार ७२४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने २३३ जनाको मृत्यु भएको छ।

## भारतमा कोभिड-१९ संक्रमितको संख्या १८ लाख नाघयो

नयाँदिल्ली, १९ साउन (रासस/एएनआइ)।

भारतमा 'कोभिड १९' सङ्क्रमितको सङ्ख्या १८ लाख नाघेको सोमबार जनाइएको छ। गत २४ घण्टामा भारतका ५२ हजार ९७२ जनामा कोरोना भाइरस पोजेटिभ देखिएपछि कुल सङ्क्रमितको संख्या १८ लाख ३ हजार ६९६ पुगेको त्यहाँको केद्रिय स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणका कारण ७७१ जनाको मृत्यु भएपछि कूल मृतकको सङ्ख्या ३८ हजार १३५ जना पुगेको छ। सरकारी अधिकारीका भारतमा कोरोना भाइरस सङ्क्रमितमध्ये एघार लाख ८६ हजार २०३ व्यक्ति निको भएर फर्किएका छन्। हाल भारतमा पाँच लाख ७९ हजार ३५७ जना कोरोना भाइरस सङ्क्रमित अवस्थामा रहेका छन्।

भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस सङ्क्रमण राज्यका रुपमा रहेको छ। हाल महाराष्ट्रमा एक लाख ४८ हजार ८४३ जना सङ्क्रमित अवस्थामा नै रुहेका छन् भने १५ हजार ५७६ व्यक्तिको मृत्यु भइसकेको छ। महाराष्ट्र कुल चार लाख ४१ हजार २२८ व्यक्तिमा कोरोना सङ्क्रमण देखिएको थियो।

कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडुमा ५६ हजार ९६२ सङ्क्रमित अवस्थामा रहेका छन् भने चार हजार १३२ जनाको मृत्यु भएको छ। राजधानी शहरसमेत रहेको दिल्ली राज्यमा दश हजार ३५६ जना सङ्क्रमित अवस्थामा रहेका र चार हजार ४० जनाको मृत्यु भइसेकेको छ। दिल्लीमा एक लाख २३ हजार ३१७ व्यक्ति कोरोना मुक्त भएका छन्।

## अफगान कारागारमा आइएसको हमला, २० जना मारिए

जलालाबाद, १९ साउन (रासस-एएफपी)।

अफगानिस्तानको पूर्वी जलालाबादस्थित एक कारागारमा अतिवादी इस्लामिक स्टेट समूहले गरेको आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको छ। प्रान्तीय सरकारी अधिकारीहरुका अनुसार त्यसक्रममा आक्रमणकारी र सुरक्षाफौजबीच भिडन्त समेत भएको थियो। प्रान्तीय अस्पतालका प्रवक्ता जाहेर अदेलले कम्तीमा २० जनाको मृत्यु भएको पुष्टि गर्नुभयो। मारिनेहरुमा सुरक्षाकर्मी समेत रहेका छन्। प्रान्तीय गभर्नरका प्रवक्ताले उक्त आक्रमणमा कारागारका बन्दी, सुरक्षाकर्मी समेत २१ जनाको ज्यान गएको बताउनुभएको छ। गत शुक्रबारदेखि ईद पर्वका अवसरमा अफगान सरकार र मुख्य विद्रोही समूह तालिबानबीच तीन दिने युद्धबिराम लागू छ। अफगान राष्ट्रपति अस्रफ घानीले ईदलगत्तै तालिबानसँग वार्ता शुरु हुने र त्यसपछि स्थायी युद्धबिराम हुने बताउनुभएको छ।

# १ सय ५१ स्थानीय तहले अझै बजेटको विवरण उपलब्ध गराएनन्

काठमाडौँ, १९ साउन (रासस) ।

एक सय ५१ स्थानीय तहले अझै पनि पेश गरेको बजेट विवरण पठाएका छैनन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई आर्थिक वर्ष २०७७/७८ को पेश गरेको बजेट विवरण पठाउन पटकपटक निर्देशन दिए पनि अझै पनि १५१ स्थानीय तहले बजेट विवरण नपठाएका हुन् ।

मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीका अनुसार अहिलेसम्म ६०२ स्थानीय तहले मात्र आफूले पेश गरेको बजेटको विवरण मन्त्रालयमा पठाएका छन् ।

पेश नगर्ने स्थानीय तहमा प्रदेश नं १ का २२, प्रदेश नं २ का ६६, वाग्मती प्रदेशका २०, गण्डकी प्रदेशका १०, प्रदेश नं ५ का छ, कर्णाली प्रदेशका ५ र सुदूरपश्चिम प्रदेशका २२ वटा रहेका छन् । मन्त्रालयका प्रवक्ता अधिकारीले पुनःविवरण पठाउन निर्देशन दिएको बताउनुभयो । गत असार १० गतेभित्र सबै स्थानीय तहले आव २०७७/७८ को बजेट पेश गरेका थिए । स्थानीय तहले पेश गरेको बजेट मन्त्रालयमा बुझाउनुपर्ने हुन्छ ।

### लकडाउनका कारण...

पूजापाठ नगरि निरास भई फर्किएका छन् ।

साउने सोमबारका दिन विषेश गरि शिवालयहरुमा भक्तजनको घुँइचो लाग्ने गरेकोमा कोरोनाका जोखिमलाई ध्यानमा राख्दै स्थानिय प्रशासनको निर्देशनमा मन्दिर बन्द गरिएको पुजारीहरुले बताएका छन् ।

प्रदेश २ सरकारले रक्षाबन्धन पर्वको अवसरमा सोमबार सार्वजनिक बिदा दिएपनि यातायात नचल्दा र आवागमनमा कडाई गरिएकाले सार्वजनिक बिदाको सदुपयोग गर्न नपाइएको अधिकांशले गुनासो गरेका छन् ।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# देखिएन रक्षाबन्धनको रौनक

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**



यस पल्टको रक्षाबन्धन पर्व कोरोनाको त्रास र निषेधाज्ञाका कारण खल्लो बनेको छ । वर्ष दिनको पर्व मनाउन घरमै सीमित हुनुपर्दा खल्लो महसुस गरिएको हो ।

भाईबहिनीको प्रेम तथा सद्भावको प्रतिक मानिने रक्षाबन्धन पर्व अधिकांश भाईबहिनीका लागि रौनक बिहीन बन्यो । लगातार १२ औं दिनसम्मको निषेधाज्ञा सोमबार पनि जारि रहदा घर बाहिर रहेका कतिपय दाजुभाई/दिदीबहिनी एक आपसमा भेटघाट गर्न सम्म पाएनन् ।

घरमा रहेका दिदीबहीनीले भने दाजुभाईको हातमा राखी बाँधेर दिर्घायुको कामना गर्दै रक्षाबन्धन पर्व मनाएका छन् । राखीका पसलसँगै रक्षाबन्धनको अर्को आकर्षणको बस्तु मानिने मिटाई पसल फाटफुट खुलेपनी ग्राहकको उपस्थिति न्यून देखिएको थियो ।

### सप्तरीमा एक ...

नगरपालिका क्षेत्रभित्र अनावश्यक हिँडडुल, आवतजावत नगर्न, नगराउन जिल्ला सुरक्षा समितिले निर्णय गरेको जनाइएको छ ।

औषधि पसल, खाद्यान्न, फलफूल तथा तरकारी, अस्पताल तथा स्वास्थ्य सेवा केन्द्र, मालसमान ओसारपसार गर्ने र निर्माण कार्यमा प्रयोग हुने ढुवानीका यातायात, सरकारी छापाखाना, सञ्चार सेवा, बैंकिङ सेवा, आन्तरिक सुरक्षा कार्य, खानेपानी सञ्चालन तथा वितरण, पेट्रोलियम पदार्थको ढुवानी भण्डार र वितरण, फोहरमैला सङ्कलन तथा ढुवानी, विद्युतीय सेवा, कृषिजन्य कार्य, कृषि तथा पशुजन्य उत्पादन ढुवानीमा प्रयोग हुने साधन, वर्कशपजस्ता अत्यावश्यक सेवाबाहेकका अनावश्यक आवतजावतमा निषेधाज्ञा लगाइएको सूचनामा उल्लेख छ ।

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np